# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खनदह, अर्घाखाँची
## ५ नं. प्रदेश नेपाल

पत्र संख्याः २०७५।०७६
चलानी नं.

ईमेलः malaraniruralmun@gmail.com


मितिः २०७५।०८।२३

**विषयः मालारानी गाउँपालिकाको मोबाइल एप संचालन सम्बन्धमा ।**

बढ्दो प्रविधिको विकाससंगै सम्पूर्ण सेवाग्राहीमा सूचना प्रवाह गर्नु हामी सबैको दायित्व हो । यसलाई मध्यनजर गर्दै मालारानी गाउँपालिकाले आफ्नो कार्यालयका सूचना तथा जानकारी सेवाग्राही तथा स्थानीय जनता सामु छिटो र सजिलो तरिकाले उपलब्ध गराउने उदेश्यले Mobile App संचालन गरेको छ । Mobile App डाउनलोड गर्न र एपमा भएका सम्पूर्ण विशेषताहरु प्रयोग गर्नुहुन सम्पूर्ण सेवाग्राही तथा स्थानीय जनताहरुमा अनुरोध छ ।

### कसरी Download गर्ने Mobile Application ?

- Google Playstore मा गएर Malarani Rural Municipality खोजी गर्नुस वा www.malaranimun.gov.np/Mobile-app बाट सोझै गर्नुहोस ।

### केके गर्न सकिन्छ त Mobile Application बाट ?

- सम्पूर्ण सुचना हेर्न सकिने
- प्रत्यक वडा कार्यलायलाई समेत तोकी सुझाब तथा गुनासो दिन सकिने छ ,
- गाउँपालिका तथा वडाबाट प्रदान गरिने सेवा तथा सुबिधा हेर्न सकिने छ ,
- वडा कार्यालयको विवरण हेर्न सकिने छ,
- वडा अनुसार समस्या दर्ता गर्न सकिने छ ,
- महत्वपूर्ण स्थान जस्तै पर्यटकीय स्थल, अस्पताल, शैक्षिक संस्था, होटल, बैंक, प्रशासनिक क्षेत्र आदिलाई सिधै गूगल म्यापबाट पत्ता लगाउन सकिने छ ,
- आपतकालिन नं. ( अस्पताल, मालपोत, प्रहरी कार्यालय लगायतका अन्य महत्वपूर्ण कार्यालयको मोबाईल नं . सोझै हेर्न सकिने छ ) ,
- कार्यालयबाट पारित ऐन, नियम, कार्यविधी आदि हेर्न तथा Download गरी हेर्न समेत सकिने छ,
- बिभिन्न आर्थिक बर्षका बजेट तथा कार्यक्रम, निति तथा कार्यक्रम आदि सोझै हेर्न र Download गर्न सकिने छ ।

### के फाइदा हुन्छ त Mobile एप Download गरेपछि ?

सुचना प्राप्त गरेको कुनै पनि ब्यक्ति पछि हट्नु पर्दैन, हरेक महत्वपूर्ण कुरा समयमानै जानकारी भएमा अन्य महत्वपूर्ण काम वा अवसरबाट वन्चित हुनु पर्दैन, आफ्नो हकहितको लागि आफैले बोल्न सक्ने बातावरण सृजना हुन्छ, समयको सही सदुपयोग हुन्छ । कुनै पनि सूचनाको जानकारी भएको अवस्थामा आवश्यकता अनुसार सल्लाह /सुझाब दिन र सुधारको अवसर प्रदान गर्न सकिन्छ । **मालारानी गाउँपालिकामा हुने सम्पूर्ण सूचना लगायत अन्य कुरा सोझै Mobile App मा प्राप्त गर्न सकिने छ । माथिका यी कुरालाई मध्यनजर गर्दै यो सूचना प्रवाह गरिएको छ , आफू जानकारी लिन तथा जानकारी गराउनु हुन समेत अनुरोध गरिन्छ ।**

..............................
खगेन्द्र राज परासिनी
प्रमुख प्रशासकीय अधिकृत